# स्वास्थ्य तथा सरसफाई नीति २०७८

दुल्लु नगरपालिका
कर्णाली प्रदेश
दैलेख

दुल्लू नगरपालिका
२०७३

स्वीकृत

## १. पृष्ठभूमिः

नेपालको संबिधान २०७२ ले नागरिकको मौलिक हकको रुपमा आधारभूत स्वास्थ्य सेवा प्राप्त गर्ने र आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने व्यवस्था गरेको अवस्थामा दुल्लु नगरपालिकाका सबै नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँच र आकस्मिक स्वास्थ्य सेवा पुर्‍याउने र आधारभूत स्वास्थ्य सेवा प्रवाहको सुनिश्चितता गर्नु अपरिहार्य रहेको छ। यसका लागि दुल्लू नगरपालिकाले स्वास्थ्यसेवाको गुणस्तर निर्धारण, औषधी, उपकरण, जनशक्ति व्यवस्थापन गरि सार्वजनिक सेवाप्रवाह गर्नुपर्नेछ।

दुल्लू नगरपालिकाको लागि स्वास्थ्य र विकास अन्तरसम्बन्धित बिषयहरु हुन । स्वास्थ्य क्षेत्रमा भएका प्रगतिहरूलाई विकासका प्रमुख सूचकहरूको रूपमा लिइन्छ । नगरपालिकाका गरीब, दूरदराजका नागरिकहरु अझै पनि अत्यावश्यक स्वास्थ्य सुविधाबाट बञ्चित रहेका छन् । गुणस्तरीय स्वास्थ्य सेवा मार्फत मानव विकास सूचकाङ्कमा सुधार ल्याई नगरपालिकाको समग्र विकासका लागि प्रभावकारी स्वास्थ्य सेवाको व्यवस्था गर्नु जरुरी देखिएको छ। दुल्लु नगरपालिकाका विविध लैङ्गिक पहिचान भएका व्यक्तिहरू, अपाङ्गता भएका व्यक्तिहरू, सिमान्तकृत र अति विपन्न वर्ग, दुरदराजका नागरीकहरु अझै पनि अत्यावश्यक स्वास्थ्य सुविधाबाट बञ्चित रहेका छन्। स्वास्थ्य सेवाको पहुँच, गुणस्तरीयता, स्वीकार्यता, उपलब्धतालाई सुनिश्चित गर्दै गुणस्तरीय स्वास्थ्य सेवा मार्फत मानव विकास सूचकाङ्कमा सुधार ल्याई दुल्लु नगरपालिकाको समग्र विकासका लागि प्रभावकारी स्वास्थ्य सेवाको व्यवस्था गर्नु जरुरी देखिएको छ।

नगरपालिकाभित्र नवजात शिशु तथा मातृ मृत्युलाई वाञ्छित तहसम्म घटाउनु, बढ्दै गएको नसर्ने रोगको प्रकोप नियन्त्रण गर्नु र कुनै पनि बेला हुनसक्ने स्वास्थ्य सम्बन्धी विपद् व्यवस्थापनको तत्काल प्रतिकार्य गर्ने, जेष्ठ नागरिक, शारीरिक र मानसिक अपाङ्गता भएका, एकल महिला, खास गरी गरिब, सीमान्तकृत र जोखिममा रहेका समुदायलाई आधारभुत तथा गुणस्तरीय स्वास्थ्य सेवा सर्वसुलभ र पहुँच योग्य बनाउने कुरामा नगरपालिकाले दायित्वबोध गरेको छ । स्वास्थ्य उपचारको नाममा शहरी क्षेत्रमा जाने बसाईसराईको रोकथाम र नगर क्षेत्रमा बसोबासको वातावरण श्रृजना गरी बदलिंदो संघीय संरचनामा सबै स्थानीय तहका हरेक वडामा एक स्वास्थ्य संस्था स्थापना गर्न, जनउत्तरदायी एवं कुशल व्यवस्थापनको माध्यमबाट आवश्यक सबै स्रोत र साधनको अधिकतम परिचालन गरी संघीय संरचनामा स्वास्थ्य सेवा प्रणाली विकास, विस्तार र सुधार गर्दै विद्यमान तथा नयाँ चुनौतीहरूलाई सही ढङ्गले सम्बोधन गरेर नगरपालिकाका नागरिकको स्वास्थ्य प्रवर्द्धन, संरक्षण, सुधार र पुनस्थापना गर्न दुल्लू नगरपालिका स्वास्थ्य तथा सरसफाई नीति, २०७८ तयार गरी लागू गरिएको छ। एकात्मक राज्यबाट संघिय राज्य प्रणालीमा गएर नेपाल ३ तहमा स्वास्थ्यको संरचना बाँडफाँड भएर घरदैलोको सरकारले प्रवर्द्धनात्मक, उपचारात्मक, प्रतिकारात्मक र पुनर्स्थापनात्मक सेवाको व्यवस्था भएको र सोही अनुरुप हालका काम गर्दै आएको अवस्था छ। संघिय सरकारबाट १ अस्पताल, ९ स्वास्थ्य चौकी, १ आर्युवेद औषधालय र १ शहरी स्वास्थ्य केन्द्र हस्तान्तरण भई दुल्लु नगरपालिकामा आएको र हाल दुल्लु नगरपालिकाले सञ्चालनमा ल्याएको छ।

## २. समिक्षाः

### (ख) विगतमा गरिएका प्रयासहरु :

राष्ट्रिय नीतिहरुका आधारमा स्वास्थ्य क्षेत्रमा धेरै सफलता प्राप्त भएका छन्। यद्यपि हालका स्वास्थ्यका सूचकहरुमा सन्तुष्ट हुने अवस्था छैन। दुर्गम क्षेत्रका, गरीब, लक्षित उमेर समुहका र शारीरिक तथा मानसिक रुपमा अशक्त नागरीकहरुमा आधारभूत स्वास्थ्यसेवा निःशुल्क प्रदान गरिदै आएको छ।

वि. सं २०४८ को राष्ट्रिय स्वास्थ्य नीति घोषणा पश्चात आधारभूत स्वास्थ्यमा सवैको पहुँच पुर्याउने उद्देश्यले तत्कालीन सबै गाउँ विकास समितिहरूमा उपस्वाथ्य चौकी, इलाकाहरूमा स्वास्थ्य चौकी, प्रत्येक निर्वाचन क्षेत्रमा प्राथमिक स्वास्थ्य केन्द्रहरू स्थापना गर्ने रणनीति अनुरुप २०७१ मा दुल्लु नगरपालिका वन्नु भन्दा अगाडी साविकका ६ वटा गा.वि.स हरु (दुल्लू, नेपा, नाउलेकटुवाल, पादुका, बडलम्जी र छिउडीपुसाकोट) र २०७३ मा मालिका, गौरी, कालभैरव र गमौडी समायोजन भई दुल्लु नगरपालिका वने पश्चात सवै स्वास्थ्य संस्था यसै नगरपालिका अन्तर्गत सञ्चालन हुँदै आएका छन् ।

वि.स. २०६३ को जनआन्दोलन पश्चात बनेको अन्तरिम संविधानले स्वास्थ्यलाई जनताको आधारभूत अधिकारको रुपमा स्थापित गर्दै निःशुल्क स्वास्थ्य सेवाको अवधारणालाई विकसित गरे अनुरुप नगरपालिका अर्न्तगतका स्वास्थ्य संस्थाबाट अत्यावश्यक निःशुल्क उपचार सेवा शुरु गरी नगरवासीको स्वास्थ्यको हक सुनिश्चित गर्ने प्रयास गरेको छ । नेपालको संविधान २०७२ ले निःशुल्क आधारभूत स्वास्थ्य सेवाका साथै आकस्मिक स्वास्थ्य सेवालाई मौलिक हकको रुपमा निर्दिष्ट गरे बमोजिम निःशुल्क आधारभूत स्वास्थ्य सेवालाई सर्वव्यापी पहुँच बढाउन आधारभूत स्वास्थ्य सेवा प्याकेज २०७५ तयार गरी स्थानिय तह समेतको जिम्मेवारी स्पष्ट पारि कार्यान्वयन गरिएको छ । संघीयता कार्यान्वयनका कममा स्थानिय तहको स्वास्थ्य क्षेत्रका जिम्मेवारीहरु पूरा गर्न नगरपालिका अर्न्तगत स्वास्थ्य तथा सरसफाई शाखाको स्थापना गरिएको छ भने नगरपालिका मातहतका दुल्लु अस्पताल, आधारभुत स्वास्थ्य ईकाइ र स्वास्थ्य चौकीहरु नगरपालिकालाई हस्तान्तरण भएका छन् । साथै नेपालको संविधान २०७२ ले व्यवस्था गरेको संघिय संरचना अन्तर्गत हरेक वडामा स्वास्थ्य संस्थाको स्थापना गर्ने राष्ट्रिय स्वास्थ्य निति २०७१ र २०७६ को लक्ष अनुरुप यस नगरपालिकाका सवै वडामा स्वास्थ्य संस्था विस्तार भएको छ । हाल यस नगरपालिकामा १ वटा अस्पताल, ९ वटा स्वास्थ्य चौकी, ४ वटा आधारभुत स्वास्थ्य ईकाई, ३ वटा शहरी स्वास्थ्य केन्द, ४८ वटा गाँउघर क्लिनिक, १० वटा टि.बि. उपचार केन्द्र र ४९ वटा खोप केन्द्र र आर्युवेद औषधालय गरी १२५ वटा स्वास्थ्य संस्था संचालित छन् ।

दुल्लु नगरपालिकाले स्वास्थ्यको क्षेत्रमा स्थानिय आवश्यकताका आधारमा अनुदान अर्न्तगतको रकम विनियोजन गरि प्रभावकारी कामहरु सम्पन्न गरिसकेको छ । दुल्लु नगरपालिकाले आधारभुत स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गर्न तथा स्वास्थ्य क्षेत्रमा गरेका उपलब्धिहरुलाई संरक्षण गर्दै आगामी दिनहरुमा तथ्यमा आधारित योजना निर्माण गर्न आबश्यक धरातल र बैधानिकता प्रदान गर्नका लागि नगरपालिकाको स्वास्थ्य बस्तुस्थिति झल्कने गरि स्वास्थ्य प्रोफाईल तथा बार्षिक प्रतिबेदन तयार गरेको छ ।

**ख. विद्यमान स्थिती:**

बि. सं. २०७८ को जनगणना अनुसार यस नगरपालिकाको घरधुरी संख्या ८,३५३ छ भने जनसंख्या ३९,५८२ रहेको छ । पुरुषको जनसंख्या १८,५०६ (४६.७५%)भने महिलाको जनसंख्या २१,०७६ (५३.२४%) रहेको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली (HMIS) को आ.व. २०७६/०७७ को लागि गरिएको प्रक्षेपण अनुसार यस नगरपालिका कुल जनसंख्या ४७,१२० पुगेको अनुमान गरिएको छ, जसमध्ये १ वर्ष मुनिका बालबालिकाको संख्या ९६० छ भने ५ वर्ष मुनिका बालबालिकाको संख्या ४,६०८ रहेको छ । त्यस्तै १० वर्ष देखि १९ वर्ष सम्मका किशोरकिशोरीको संख्या ९,३३६ छ । १५ देखि ४९ वर्षका प्रजनन् उमेरका बिबाहित महिलाहरूको संख्या १३,३२७ रहेको छ । नगरपालिकामा अनुमानित गर्भवती महिलाहरूको संख्या १,१६७ छ र अनुमानित जीवित जन्मने बच्चाहरूको संख्या ९६० जना छ । यो प्रक्षेपण अनुसार ६५ वर्ष माथिका व्यक्तिहरूको संख्या १,७६५ छ ।

यस नगरपालिकामा बालविवाह, किशोरावस्थामा विवाह गर्ने तथा कम उमेरमा गर्भवति हुने संख्या उच्च रहेको छ। जसको परिणाम स्वरुप कम तौलको शिशु जन्मने, समय भन्दा अगाडि जन्मने, कुपोषण तथा मृत्युदर बढ्ने लगायत आमाहरुमा अन्य प्रजनन स्वास्थ्य सम्बन्धी समस्याहरु रहेका छन्। विगत केहि बर्ष देखि स्वास्थ्य संस्थामा सुत्केरी गराउन आउनेको संख्यामा बृद्धि हुन नसक्नुमा दक्ष प्रसुतीकर्मीको अभाव, स्वास्थ्य संस्था भौगोकि रुपमा टाढा हुनु, पूर्वाधारको कमी, सामाजिक साँस्कृतिक मूल्य मान्यताहरु आदि कारणहरुले गर्दा सबै स्वास्थ्य संस्थाहरुमा सुत्केरी हुन आउने महिलाको संख्यामा उल्लेख्य बृद्धि हुन सकेको छैन।

दुल्लु नगरपालिकाको केही महत्वपूर्ण स्वास्थ्य सूचकहरूलाई राष्ट्रिय तथा प्रादेशिक सूचकसँग तुलना गरी देहाय बमोजिम प्रस्तुत गरिएको छ।

## ३ नगरपालिकाको बर्तमान अवस्था

| सि.नं | सुचकहरू | राष्ट्रिय तथ्याङ्क NDHS 2016 | प्रादेशिक तथ्याङ्क NDHS 2016 | दुल्लु नगरपालिकाको तथ्याङ्क DHIS-2 | | | विकास लक्ष्य २०३० | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | | |
| १ | प्रथम पटक गर्भजाँच गराउने महिलाको प्रतिशत (कुनैपनि बेला) | ८५.८३ | ७३ | ९५.२ | १०५.४ | १३२ | ९० | |
| २ | सिफारिस गरिए अनुसार ४ पटक गर्भजाँच गराउने महिलाको प्रतिशत | ५८.८ | ६७.३ | ७४.२ | ७२.१ | ९१.८ | ९० | |
| ३ | सुत्केरी पश्चात ३ पटक जाँच गराउने महिलाको प्रतिशत | ५७.३ | ४१ | २५.१ | १७.४ | ३५.६ | ९० | |
| ४ | परिवार नियोजनका आधुनिक साधनहरुको प्रयोग गरिरहेका १५ देखि ४९ | ४३ | ४८ | १८.४ | १९.३ | १९ | ६० | |

| सि.नं | सुचकहरू | राष्ट्रिय तथ्याङ्क NDHS 2016 | प्रादेशिक तथ्याङ्क NDHS 2016 | दुल्लु नगरपालिकाको तथ्याङ्क DHIS-2 | | | विकास लक्ष्य २०३० | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | | |
| | वर्षका विवाहित महिलाहरुको प्रतिशत | | | | | | | |
| ५ | संस्थागत प्रसुतीको प्रतिशत | ५७.४ | ५९.४ | ८८.४ | ८९.५ | १०६.९ | ९० | |
| ६ | सबै आधारभूत खोप पाएका बच्चाहरूको प्रतिशत (पूर्ण खोप) | ७८ | ७५ | १०१.२ | ८१.७ | ८० | १०० | |
| ७ | २ बर्ष मुनिका कुपोषित बालबालिकाहरुको संख्या | ३६ | ५५ | ३.४ | ३.२ | ४.६ | १ | |

उल्लेखित सुचकहरुमा समग्रमा नेपालले उल्लेखनीय सफलता हासिल गरिसकेका, हाम्रो नगरपालिका राष्ट्रिय दर भन्दा केही सुचकहरुमा सन्तोषजनक रहेको र स्वास्थ्य क्षेत्रमा मुलुक सकारात्मक बाटोमा अग्रसर भइरहेको देखिए तापनि नगरपालिकामा स्वास्थ्य क्षेत्रका चुनौतीहरू अझै थुप्रै छन् । केही प्रमुख समस्या र चुनौतीहरू निम्नानुसार छन् ।

## ४. दुल्लू नगरपालिकामा विद्यमान स्वास्थ्य समस्या तथा चुनौतीहरूः

नगरपालिकाभित्र भौगोलिक बिशिष्टता र समतामुलक हिसाबले स्वास्थ्य संस्थाहरुको व्यवस्था हुन नसकेकोले सवै तह, वर्ग र क्षेत्रका समुदायको आधारभूत स्वास्थ्य सेवामा पहुँच पुग्न सकेको छैन ।

- मौजुदा स्वास्थ्य संस्थाहरुको भौतिक अवस्था कमजोर भएको, समयानुकुल सुधार गर्न नसकिएको र न्यूनतम पुर्वाधार सहितको रोग निदान सेवा समेत केही स्वास्थ्य संस्थामा उपलब्ध हुन सकेको छैन ।
- मौजुदा स्वास्थ्य संस्थाहरुमा दरवन्दी अनुसारका स्वास्थ्यकर्मीहरु पूर्ति हुन सकेका छैनन् । स्वास्थ्य संस्थामा स्वास्थ्यकर्मीहरुका लागि समुचित र उत्साहप्रद वातावरण सृजना गर्नु पर्नेछ ।
- दुल्लु नगरपालिकाका विविध लैङ्गिक पहिचान भएका व्यक्तिहरू, अपाङ्गता भयका व्यक्तिहरू, सिमान्तकृत र अति विपन्न वर्ग , दुरदराजका नागरीकहरु अझै पनि अत्यावश्यक स्वास्थ्य सुविधाबाट

बञ्चित रहेका छन। स्वास्थ्य सेवाको पहुँच, गुणस्तरीयता, स्विकार्यता, उपलब्धतालाई सुनिश्चित गर्दै गुण्स्तरीय स्वास्थ्य सेवा मार्फत मानव विकास सूचकाङ्कमा सुधार ल्याई चन्दननाथ नगरपालिकाको समग्र विकासका लागि प्रभावकारी स्वास्थ्य सेवाको व्यवस्था गर्नु जरुरी देखिएको छ ।.

- भौगोलिक विकटता, औषधि भण्डारण व्यवस्था (स्थान, कोल्डचेन आदि) को अभाव जस्ता कारणले गुणस्तरीय औषधिको आपुर्ति, वितरण र उपलब्धता सहज र पहुँच योग्य हुन सकेको छैन । प्राकृतिक प्रकोप र महामारीका बखत समयमै पर्याप्त औषधि उपकरण पुर्‍याउन र दुर्गम क्षेत्रमा बसोबास गर्ने नागरिकलाई समुचित मुल्यमा औषधी उपलब्ध गराउनु र यसको नियमन गर्नु पनि चुनौतिपूर्ण छ ।
- नगरपालिकामा नसर्ने खालका रोगहरु जस्तै क्यान्सर, मुटु, मृगौला, मधुमेह, कलेजो, फोक्सोको रोग, दाँतको रोग, मानसिक रोगहरुको रोकथाम गर्नु जरुरी भएको छ ।
- नगरपालिका भित्र रहेका पिछडिएका, गरीव, असहाय, अति दुर्गम भेगका नागरिकहरुका लागि स्वास्थ्य उपचार महगों पर्न गएको छ । अझ गम्भीर प्रकृतिका रोग लागेमा उपचार महंगो भई परिवार नै आर्थिक जोखिममा परि गरीबीमा जाने वा उपचार सेवा प्राप्त गर्न नसकि घरैमा बसि मृत्युवरण गर्नु परेको अवस्था पनि विद्यमान छ ।
- नगरपालिकाका केही नागरिकहरुमा गरीवी, अशिक्षा, चेतनाको अभावका कारण कुपोषण, स्वच्छ खानेपानी र सरसफाइको समस्या रहेको छ । जस्का कारण बेलाबखत झाडापखाला, हैजा, ज्वरो जस्तो महामारी फैलने गरेको छ ।
- भौगोलिक बिकटता, उपयुक्त स्वास्थ्य सेवा उपलब्ध हुन नसक्नु र समयमा सेवा प्राप्त गर्न जान समेत कठिन भएकै कारण नवजात शिशु, बाल स्वास्थ्य तथा मातृस्वास्थ्य जस्ता सेवामा पनि अपेक्षित लक्ष्य हासिल हुनसकेको छैन । अझै पनि यस दुल्लू नगरपालिकाका १५% महिलाहरु घरैमा सुत्केरी हुने, किशोरावस्थामै बच्चा जन्माउने गरेको पाइएको छ । यसैगरी नगरपालिकामा मातृ तथा नवजातशिशु र पाँच वर्ष मुनीका बालबालिकाको मृत्यु तुलनात्मक रुपमा उच्च रहेको छ ।
- नगरपालिकामा जडिबुटी एवं आयूर्वेदिक उपचार पद्दतीको सहीरुपमा सदुपयोग पनि हुन सकेको छैन ।
- जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुको स्वास्थ्य उपचार, किशोर किशोरीहरुको यौन तथा प्रजनन स्वास्थ्य, विद्यालय जाने उमेरका बालबालिकाको स्वास्थ्य प्रवर्धनका लागि उचित स्वास्थ्य सेवाको व्यवस्था हुन सकेको छैन ।
- स्वास्थ्य क्षेत्रमा भएको लगानीको समुचित सदुपयोग भएको, नागरिकले पाएको स्वास्थ्य सेवा र ऐन नियमका कार्यान्वयनको सम्वन्धमा नियमित र प्रभावकारी अनुगमन हुन सकेको छैन ।
- नागरिकलाई उचित मुल्यमा औषधी उपलब्ध गराउनु र यसको नियमन गर्नु पनि चुनौतिपूर्ण छ ।
- नेपालको संबिधान २०७२ ले प्रदान गरेको निःशुल्क आधारभूत स्वास्थ्य सम्बन्धि अधिकारको समुचित व्यवस्था मिलाउन र आकस्मिक स्वास्थ्य सेवाको बिस्तार र बिकास गरि पहुँच बृद्धि गर्ने कार्य नगरपालिका परिवेशमा चुनौतिपूर्ण रहेको छ ।
- नगरपालिका भित्र आवश्यकता अनुसार ठाउँमा र नागरिकको हित हुने गरी स्वास्थ्य क्षेत्रमा निजी क्षेत्रको सहभागीता बढ्न सकेको छैन । गैह्र सरकारी क्षेत्रको लगानीलाई पारदर्शि, प्रभावकारी एवम थप व्यवस्थित गर्नुपर्ने आवश्यकता रहेको छ ।



दुल्लू नगरपालिका

- भौगोलिक हिसावले देशकै ठुलो तर कुल ग्राहस्थ उत्पादनका हिसावले सवैभन्दा कमजोर नगरपालिका हुनु, नगरपालिकाको जनताको शैक्षिक तथा चेतनाको स्तर न्यून रहनु, पुर्वाधारका बिकास मेरुदण्ड मानिने सडक विजुली, टेलिफोन, शुद्ध तथा पर्याप्त खानेपानिको समुचित व्यवस्था हुन नसक्नु, आधुनिक चिकित्सा पद्दतीमा दुर्गम भेगका नागरिकहरुको विश्वास कम रहनु र परम्परागत धामी, झाक्रिको अभ्यास गर्नु, र अपर्याप्त सरकारी/निजी लगानी जस्ता चुनौतिहरु विद्यमान रहेका छन् ।
- ल्याण्डफिल साईटहरु नभएकोले फोहोरमैला व्यवस्थापनमा चुनौतीपुर्ण रहेको छ ।
- खुल्ला दिशामुक्त क्षेत्र घोषणाको क्रममा शौचालयको सेप्टी टयाङकको मापदण्डविना निर्माण भएकोले दिशाजन्य लेदो समस्याको रुपमा देखापरेको छ ।
- सार्वजनिक, प्रशाशनिक र धार्मिक क्षेत्रमा सार्वजनिक शौचालयको अप्रयाप्त रहेको छ ।

## ५. दुल्लू नगरपालिका स्वास्थ्य तथा सरसफाई नीतिको निर्देशक औचित्य, सिद्धान्त तथा उदेश्यहरुः

दुल्लु नगरपालिकामा रहेका स्वास्थ्य सेवाका समस्या, चुनौती तथा औचित्यका आधारमा नगरपालिकाले स्वास्थ्य नीति तयार गर्दा यसका केही मौलिक निर्देशक सिद्धान्त प्रतिपादन गरी सोही आधारमा नीति तथा रणनीति प्रस्ताव गरिएका छन् । प्रस्तुत निर्देशक सिद्धान्तका आधारमा नगरपालिकाको स्वास्थ्य नीति, २०७८ को कार्यान्वयन गरिनेछ । संविधानको निर्देशक सिद्धान्त अर्न्तगत सारभूत समानता, अविभेदको सिद्धान्त, समावेशीता, सकारात्मक विभेदलाई विभेद नमानिने सिद्धान्त, विशेष व्यवस्था लगायतको सिद्धान्त, समतामूलक अवधारणा, कोहि एक पनि नछुटुन ( Leave no one Behind) अवधारणालाई पनि आत्मसात गरिएको छ । त्यसैगरि स्वास्थ्य क्षेत्रमा व्याप्त असमानता, असमावेशीता, भेदभाव उन्मूलन गरी समतामूलक स्वास्थ्य सेवा सुनिश्चित गर्न, स्वास्थ्य सेवा, पहुँचयोग्य, उपलब्धता, सर्वस्वीकार्य र गुणस्तरीय बनाउन यो नीति आवश्यक रहेको छ ।

- औषधि उत्पादक कम्पनिहरुसंग व्यवसाय सञ्चालनको लागी सहज वातावरण श्रृजना गर्ने ।
- नगरपालिकाका नागरिकहरूलाई मौलिक अधिकारको रुपमा आधारभुत तथा गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्ने व्यवस्था सुनिश्चित गर्ने ।
- दुल्लू नगरपालिकाका नागरिकले प्राप्त गर्ने स्वास्थ्य सेवा सम्बन्धी सूचनाको हक सुनिश्चित गरी स्वास्थ्य सेवाका हरेक तहमा जनसहभागीता बढाई सेवाग्राहीको सन्तुष्टि बृद्धि गर्ने ।
- नगरपालिकाद्वारा प्रदान गरिने स्वास्थ्य सेवामा गरीब, सीमान्तकृत र जोखिममा रहेका वर्ग र समुदायको पहुँच सुनिश्चित गर्न समतामूलक र सामाजिक न्यायको आधारमा स्वास्थ्य कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने ।
- नगरपालिकाका नागरिकको स्वास्थ्य प्रवर्धन, संरक्षण, सुधार र पुनस्थापन सम्बन्धी नीति तथा कार्यक्रमहरू दुल्लू नगरपालिकाका अन्य नीतिहरूमा पनि समावेश गराउदै लाने ।
- नागरिकले सर्वसुलभ ढङ्गले गुणस्तरीय स्वास्थ्य सेवा उचित मुल्यमा प्राप्त गर्ने गरी दुल्लू नगरपालिका भित्र निजी क्षेत्रको सहभागिता वढाउने ।
- नगरपालिकाको मौलिक र पम्परागत रुपमा रहेको आयुर्वेद स्वास्थ्य पद्धतीको संरक्षण र प्रवर्धन गर्नका साथै दुल्लू नगरपालिकामा पाइने औषधिजन्य जडिवुटीको खोज, अनुसन्धान, संरक्षण, प्रशोधन र प्रवर्धन गर्ने ।



दुल्लू नगरपालिका

- दुल्लु नगरपालिकामा घरेलु हिंसा र मानसिक स्वास्थ्य समस्याको उपचार र समाधान गरिनेछ ।
- आन्तरिक तथा बाह्य निकायहरूबाट प्राप्त साधन श्रोतलाई यो नीति र यस अन्तर्गत बनेका कार्यक्रमहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने गरी परिचालन गर्ने ।
- सरकारी, निजी तथा गैरसरकारी क्षेत्रबाट उपलब्ध गराइने सम्पूर्ण स्वास्थ्य सेवाहरूको प्रभावकारी अनुगमन र नियमन गर्ने ।
- स्वास्थ्य सेवा प्रवाहमा समानता र जवाफदेहिताको सिद्धान्तलाई आत्मसात गरी स्वास्थ्य सेवाका हरेक तह र प्रकारमा नागरिकहरुको सहभागिता बढाउने ।
- दुर उपचार पद्धतिको माध्यमले शिक्षण अस्पतालसंगको साझेदारीमा नागरिकलाई स्वास्थ्य उपचारको प्रबन्ध मिलाउने ।
- नगरपालिकाभित्रको स्वास्थ्य सेवालाई सुलभ र प्रभावकारी बनाउन संघीय र प्रदेश सरकार सँग समन्वय र सहकार्य गर्ने ।
- विश्वविधालय र उच्च शैक्षिक संस्थाको सम्वन्धन र समन्वयमा शिक्षण संस्थाको सञ्चालन गरी स्वास्थ्यसंग सम्बन्धित गरी स्वास्थ्यसंग सम्बन्धित जनशक्ति उत्पादन गर्ने ।

### ५.१ भावी सोच (Vision)

दुल्लू नगरपालिकाका सबै नागरिकहरू शारीरिक, मानसिक, सामाजिक र भावनात्मक रूपमा स्वस्थ रही उत्पादनशील र गुणस्तरीय जीवन यापन गर्न सक्षम हुने ।

### ५.२ ध्येय (Mission )

उपलब्ध साधनस्रोतको अधिकतम प्रयोग गरी सरोकारवाला सम्बन्धित संघीय मन्त्रालय, प्रदेश सरकार, स्वास्थ्य सेवा प्रदायक, औषधि उत्पादक कम्पनी, सेवाग्राही र सरोकारवालाहरू बीच समन्वय र रणनीतिक सहकार्य गरी नागरिकहरूको स्वस्थ्य रहन पाउने मौलिक अधिकारको सुनिश्चित गर्ने र समतामूलक स्वास्थ्य सेवा सुनिश्चित गर्ने ।

### ५.३ लक्ष्य (Goal)

दुल्लू नगरपालिकाका सवै नागरिकहरुलाई स्वास्थ्यको अधिकार सुनिश्चित गर्न गुणस्तरीय स्वास्थ्य सेवामा सवैको पहुँच बृद्धि गरी समतामुलक र न्यायसंगत एवं जवाफदेही स्वास्थ्य सेवा प्रणालीको माध्यमबाट स्वास्थ्य सेवा उपलब्ध गराउने ।

### ५.४. उद्देश्यहरू (Objectives)

- दुल्लू नगरपालिकाका नागरिकलाई संबिधान प्रदत्त स्वास्थ्य सम्बन्धि अधिकारको उपभोग गर्न पाउने वातावरण सृजना गर्ने ।
- प्रत्येक नागरिकले सबै तहबाट गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्न सक्ने गरी आवश्यक औषधी, उपकरण, प्रविधि र दक्ष स्वास्थ्यकर्मीहरू सहितको प्रभावकारी एवं जवाफदेहीपूर्ण स्वास्थ्य सेवा प्रणालीको स्थापना गर्ने ।

- स्वास्थ्य सेवा प्रवाहमा प्रभावकारी जनसहभागिता प्रवर्धन गर्ने ।
- स्वास्थ्य सेवा प्रवाह र उपयोगीतामा सरकारी नीजि, बहुपक्षीय साझेदारी तथा सहकार्य प्रवर्धन गर्ने ।
- स्वास्थ्य सेवालाई समतामूलक, विभेदरहित र समावेशी बनाउने ।

## ६. नीतिहरु

दुल्लू नगरपालिकाको विशिष्टिकृत भौगोलिक तथा स्वास्थ्य सेवा सम्वन्धी समस्या र चुनौतिलाई सम्वोधन गर्दै नगरपालिकाका नागरिकहरुलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न नगरपालिकाले देहायका नीति अवलम्वन गरेको छ ।

**६.१.** नगरपालिकाका हरेक नागरिकलाई निःशुल्क आधारभूत स्वास्थ्य सेवाप्रवाह भएको सुनिश्चित गरिने छ ।

६.२ नगरपालिका भित्र विशेषज्ञ स्वास्थ्य सेवाको पहुँचलाई सहजीकरण गर्न न्युनतम पूर्वाधार सहितको निदानात्मक सेवा विस्तार गरिने छ ।

६.३ नगरपालिकामा व्यक्ति, परिवार र समाजलाई परिचालन गरि जीवनशैली परिवर्तन गर्न अभिप्रेरित गर्दै नसर्ने रोगको उपचारलाई आधारभूत स्वास्थ्य सेवा स्तर देखि नै व्यवस्थापन गरिनेछ ।

६.४ नगरपालिकाभित्र स्वास्थ्य सेवा सर्वसुलभ र प्रभावकारी बनाउन जनसंख्या र भूगोलका आधारमा आधारभूत स्वास्थ्य केन्द्र, सामुदायीक स्वास्थ्य इकाई, शहरी स्वास्थ्य केन्द्रहरु बृद्धि गर्दै स्वास्थ्य जनशक्ति उत्पादन, दरवन्दी निर्धारण,जनशक्ति व्यवस्थापन र प्रविधि मैत्री स्वास्थ्य उपकरण तथा पूर्वाधारको व्यवस्थापन गरिनेछ ।

६.५ मातृ मृत्यु, नवजात शिशु मृत्यु र बालमृत्यु घटाउन सुरक्षित मातृत्व, बाल स्वास्थ्य, खोप, परिवार नियोजन, किशोरावस्था लगायतका प्रतिकारात्मक, प्रवर्द्धनात्मक, उपचारात्मक स्वास्थ्यसेवालाई जनताको सहज पहुँचमा पुऱ्याइनेछ ।

६.६ फोहोर प्रशोधन केन्द्रको स्थापना गरी फोहोरमैला व्यवस्थापन गरिनेछ ।

६.७ ल्याण्डफिल साईटको स्थापना गर्ने र निजी सार्वजनिक साझेदारी मोडलमा सञ्चालन गरिनेछ ।

६.८ धार्मिक, सांस्कृतिक र पर्यटकिय स्थलमा सुविधासम्पन्न शौचालय र स्नान गृहको व्यवस्था गरिनेछ ।

६.६ नगरपालिका भित्र उपलब्ध जडीबुटीको सदुपयोग गर्दै आयुर्वेद लगायतका अन्य वैकल्पिक चिकित्सकीय प्रणालीलाई व्यवस्थित गरिनेछ ।

६.७ "स्वास्थ्य अनुसन्धान" लाई गुणस्तरीय बनाई अनुसन्धानबाट प्राप्त परिणामलाई दुल्लू नगरपालिकाको नीति, रणनीति र योजना बिकास गर्न प्रभावकारी उपयोग गरिनेछ ।



दुल्लू नगरपालिका २०७३

६.८ नगरपालिकाबासीको स्वास्थ्य बीमा सुनिश्चित गरि लक्षित बर्ग जस्तै ज्येष्ठ नागरिक, भिन्न क्षमता (अपाङ्गता) भएका नागरिक, किशोर किशोरी, सिमान्तकृत, बिभेदमा परेका, घाईतेको स्वास्थ्य सेवा सर्वसुलभ र सहज पहुँच हुने व्यवस्था गरिने छ ।

६.९ सरकारी तथा निजी क्षेत्रबाट संचालित स्वास्थ्य सेवामा गुणस्तरीयता सुचिश्चित गर्न प्रभावकारी समन्वय, सहकार्य, अनुगमन तथा नियमन गर्ने व्यवस्था मिलाइनेछ ।

६.१० सरुवा रोग, संक्रामक रोगहरुको रोकथाम, नियन्त्रण र निवारण तथा आकस्मिक र आपत्कालिन अवस्था र महामारी नियन्त्रण जस्ता कार्यका लागि वडा तहसँगको समन्वयमा स्वास्थ्य सेवा प्रभावबारी रुपमा परिचालन गरिने छ ।

६.११ जनस्वास्थ्य क्षेत्रमा दुल्लू नगरपालिकाको लगानी अभिबृद्धि गर्दै संघीय, प्रदेश सरकार, निजी र सामुदायिक लगायत अन्य लगानीलाई व्यवस्थित गरी स्वास्थ्य सेवामा जनताले व्यक्तिगत खर्च गर्नुपर्ने अवस्थालाई न्यूनीकरण गरिनेछ ।

६.१२ स्वास्थ्यकर्मीको सुरक्षा, समुदायको स्वास्थ्य क्षेत्रमा सहभागीता र जनताको स्वास्थ्य सूचनाको हक सुरक्षित गर्दै स्वास्थ्य क्षेत्रमा सुशासन सुनिश्चित गरिने छ ।

६.१३ नगरपालिकाबासीको पोषण अवस्था सुधार गर्न गुणस्तरीय, स्वास्थ्यवर्द्धक, पौष्टिक र स्थानिय स्तरमा उत्पादन हुने (रैथाने) खाद्य पदार्थ उत्पादन, प्रयोग र पहुँचलाई बृद्धि गरिनेछ ।

६.१४ नगरपालिका भित्र जन्म, मृत्यु, बसाई सराई जस्ता व्यक्तिगत घटना दर्ता कार्यलाई व्यवस्थित गरि नगरपालिकाको जनसँख्या व्यवस्थापनका कार्यहरुमा उपयोग गरिनेछ ।

६.१५ सामाजिक, आर्थिक, भौगोलिक तथा साँस्कृतिक हिसावले पछाडि वा वञ्चितीकरणमा परेका महिला, दलित, जनजाति, ज्येष्ठ नागरिक, अशक्त वा अपाङ्गता भएका व्यक्ति लगायत सीमान्तकृत समुदायको गुणस्तरीय स्वास्थ्य सेवामा सहज पहुँच र उपभोग सुनिश्चित गरी सामाजिक सुरक्षा कार्यक्रमलाई सुदृढ गरिनेछ ।

६.१६ स्तरिय ल्याब प्रयोगशालाको माध्यमबाट गुणस्तरीय स्वास्थ्य सेवामा टेवा पुरयाईनेछ ।

६.१७ नीजि सार्वजनिक साझेदारीलाई प्रोत्साहित गरी औषधि उत्पादक कम्पनीलाई लगानी गर्ने वातावरण श्रृजना गरिनेछ ।

## ७. नीति अर्न्तगत रणनीतिहरुः

### नीति १. दुल्लु नगरपालिकाका हरेक नागरिकलाई निःशुल्क आधारभूत स्वास्थ्य सेवा प्रवाह भएको सुनिश्चित गरिने छ ।

१.१ यस नगरपालिकाका सम्पूर्ण स्वास्थ्य संस्थाहरुबाट निःशुल्क आधारभूत स्वास्थ्य सेवाहरु प्रभावकारी रुपमा उपलब्ध गराईनेछ ।

१.२ भुगोल र जनघनत्वका आधारमा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न स्वास्थ्य संस्थाहरु स्थापना तथा विस्तार गरिनेछ ।



दुल्लू नगरपालिका २०७३

१.३ नगरपालिका र स्थानीय तहको सहकार्यमा नि:शुल्क स्वास्थ्य कार्यक्रम, आधारभूत स्वास्थ्य सेवा कार्यक्रमको कार्ययोजना लागू गरिनेछ ।

१.४ नगरपालिका र स्थानीय तहको सहकार्यमा नि:शुल्क स्वास्थ्य कार्यक्रम, आधारभूत स्वास्थ्य सेवा, स्वास्थ्य बीमा एवं सामाजिक स्वास्थ्य सुरक्षाका सेवाहरुलाई सामन्जस्यपूर्ण ढंगले संचालन गरिनेछ ।

१.५ मानसिक स्वास्थ्य समस्यालाई सवै नागरिकले उपचार पाउने गरी सेवा प्रवाहलाई सुनिश्चितता गरिनेछ ।

**नीति २** दुल्लू **नगरपालिका भित्र विशेषज्ञ स्वास्थ्य सेवाको पहुँचलाई सहजीकरण गर्न न्युनतम पूर्वाधार सहितको निदानात्मक सेवा विस्तार गरिने छ ।**

२.१ नगरपालिका भित्रका स्वास्थ्य संस्थाहरु र अस्पतालहरुको स्तरोन्ती गरी विशेषज्ञ सेवा विस्तार गरि निदान तथा उपचार पद्दती सुदृढ गरिने छ ।

२.१ नगरपालिकाका वडाहरुसंग समन्वय गरी हरेक वडा तथा स्वास्थ्य सेवाको पहुँच पुग्न नसकेका नागरिकलाई लक्षित गरि सामुदायीक स्वास्थ्य इकाइ, बर्थिङ सेन्टर तथा रोमिङ अ.न.मी. मार्फत टोल वस्तीमा स्वास्थ्य सेवा प्रवाह गरिनेछ ।

२.३ नाक, कान, घाटी, दन्त, मानसिक र आँखा चिकित्सालाई विस्तार गरी उपचार गर्ने व्यवस्था मिलाईनेछ । दुल्लू नगरपालिकाका दुर्गम ग्रामीण भेगमा समय समयमा विशेषज्ञ स्वास्थ्य शिविरहरु नियमित रुपमा संचालन गरिने छ ।

२.४ गुणस्तरीय प्रयोगशालाको स्थापना, विस्तार तथा हाल सञ्चालनमा रहेका प्रयोगशालाहरुको स्तरोन्नती गरिनेछ ।

**नीति ३** **जीवनशैली परिवर्तन गर्न अभिप्रेरित गर्दै नसर्ने रोगको उपचारलाई प्राथमिक स्वास्थ्य सेवा देखि नै व्यवस्थापन गरिनेछ ।**

३.१. सुर्तिजन्य पदार्थ, मादक पदार्थ र अन्य स्वास्थ्यलाई हानी गर्ने वस्तुहरुको उत्पादन तथा उपभोगलाइ निरुत्साहीत गरिने छ ।

३.२ सुर्तिजन्य पदार्थ, मादक पदार्थ जस्ता हानीकारक वस्तु किनवेच र प्रयोगलाई सार्वजनिक संस्था र स्थानमा निषेध गरिनेछ । यस्ता वस्तुको उत्पादन, विक्रि वितरण र प्रयोग नियन्त्रण तथा नियमन गर्ने सम्वन्धी कानून बनाई कडाईकासाथ कार्यान्वयन गरिनेछ ।

३.३ तोकिए बमोजिमका अवस्थाहरुको समयमा पहिचान गर्न नियमित तथा बिशेष शिविरहरु मार्फत आबश्यक स्वास्थ्य संस्थाहरुमा स्किनिङ सेवाहरु (Uterine Prolapses, Obstetrics Fistula, RFT, VIA, Diabetes, HTN, PAP smear, Mammography) आदि सेवा उपलब्ध गराईनेछ ।

३.४. बढदो नैराश्यता तथा मानसिक रोगलाई न्यूनीकरण गर्न प्राथमिक मानसिक स्वास्थ्य सेवालाई सबै तहका स्वास्थ्य संस्थाबाट प्रवाह गर्ने व्यवस्था मिलाइनेछ साथै निश्चित स्थान र समयमा बिशेषज्ञ मानसिक स्वास्थ्य सेवा शिविर (Mental Health Clinic) संचालन गरिनेछ ।

३.५ Package of Essential Noncommunicable (PEN) Package लाई न्युनतम पनि सबै स्थानीय तहमा लागू गरिने छ ।

३.६. उच्च रक्तचाप, मधुमेह, मिगौला रोग, मुटुरोग अर्वुदरोग, दम, मोटोपना जस्ता नसर्ने रोगहरुको निदान, उपचार र व्यवस्थापन गर्न विशेष एकिकृत अभियान संचालन गरिने छ ।

३.७ स्वस्थ्य जीवनशैली, शारीरिक व्यायाम, उचित खानपान, नियमित स्वास्थ्य परीक्षण जस्ता स्वास्थ्य प्रवर्धनका कृयाकलापहरू सरोकारवाला निकायसंग समन्वय गरी नियमित कार्यक्रममा समावेश गरि संचालन गरिने छ ।

३.८ खोपबाट बचाउन सकिने रोगहरुको उन्मूलन, निवारण र नियन्त्रणका लागि निगरानी कार्य गरिनेछ । दुल्लु नगरपालिकालाई पूर्णखोप सुनिश्चित नगरपालिका घोषणा गरिनेछ ।

**नीति ४ दुल्लू नगरपालिकाभित्र स्वास्थ्य सेवा सर्वसुलभ र प्रभावकारी बनाउन स्वास्थ्य संस्थाहरु बिस्तार गर्दै (स्वास्थ्य जनशक्ति उत्पादन, दरबन्दी निर्धारण, जनशक्ति व्यवस्थापन, अनुसन्धान) स्वास्थ्य उपकरण र पुर्वाधारको समुचित व्यवस्था मिलाईनेछ ।**

४.१. नगरपालिका भित्रका सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा खानेपानी, सरसफाई, बिजुली (वैकल्पिक व्यवस्था सहित), इन्टरनेट सेवा, मापदण्ड अनुसार फोहोरमैला बिसर्जन् सेवाको व्यवस्था गरिने छ ।

४.२. आधारभूत स्वास्थ्य सेवामा जनताको सहज पहुँच बढाउन सामुदायिक स्वास्थ्य ईकाई, शहरी स्वास्थ्य केन्द्रहरु स्थापना गर्ने, औचित्यपूर्ण स्थानान्तरण गर्ने र तिनीहरुमा सेवाको विस्तार गर्ने व्यवस्था मिलाईने छ । साथै प्रत्येक स्वास्थ्य संस्थाको भौतिक पुर्वाधार, उपकरण, कर्मचारी आवासको राष्ट्रिय मापदण्ड अनुसार ५ बर्ष भित्र क्रमागत रुपमा व्यवस्था गरिने छ ।

४.३. नगरपालिकामा मेडिकल स्टोर, कोल्डचेन रुम, बायोमेडिकल इन्जिनियरीङ प्रयोगशाला, क्षयरोग MDR होस्टेल लाई क्रमशः स्थापना गरि व्यवस्थित रुपमा संचालन गरिनेछ ।

४.४. प्रभावकारी स्वास्थ्य सेवा प्रवर्धनकालागि नमुना नगर, नमुना वडा, नमुना स्वास्थ्य संस्था, नमुना अस्पताल, नमुना स्वास्थ्यकर्मी अभियान शुरुगरि क्रमागत रुपमा विस्तार गरिने छ ।

४.५ नयाँ संरचना अनुरूपको आपूर्ति व्यवस्थापन प्रणाली विकास गरि विशेष गरि निःशुल्क औषधी, खोप तथा खोप जन्य सामाग्री, परिवार नियोजनका साधनहरू, रेबिज भ्याक्सिन, सर्पदंश भेनम, एच.आइ.भी, क्षयकुष्ठ आदि रोगहरूको औषधीको प्रभावकारी सप्लाइ चेन व्यवस्थापन गरिनेछ ।

४.६ दुल्लु नगरपालिकामा साझेदारी मोडलमा स्वास्थ्य शिक्षा प्रदान गर्ने संस्थाको स्थापना र विकाशमा जोड दिईनेछ ।

४.७ नगरपालिकामा आयूर्वेद बैकल्पिक चिकित्सा पद्धतीको विधिलाई क्रमशः एकद्धार प्रणाली मार्फत सेवा प्रवाह गर्ने रणनीति अवलम्बन गरिनेछ ।

**नीति ५. सुरक्षित मातृत्व, बाल स्वास्थ्य, खोप, परिवार नियोजन, किशोरावस्था लगायतका प्रतिकारात्मक, प्रबर्द्धनात्मक, उपचारात्मक स्वास्थ्य सेवालाई जनताको सहज पहुँचमा पुऱ्याउने रणनीति अबलम्बन गरिने छ।**

५.१ राष्ट्रिय तथा प्रादेशिक लक्ष अनुसार नगरपालिकाका हरेक वडाहरुमा हाल संचालित सुरक्षित मातृत्व, बाल स्वास्थ्य, पोषण संग सम्बन्धीत कार्यक्रमलाई वडासंग समन्वय गरी प्रभावकारी रुपले संचालन गर्ने व्यवस्था मिलाइने छ।

५.२. स्वस्थ विद्यालय बातावरण, बिद्यालय पोषण (दिवा खाजा) Deworming स्क्रिनिङ तथा स्वास्थ्य परीक्षण सेवा, किशोर किशोरी सेवा जस्ता विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम संचालन गरिनेछ र यी कार्यक्रमलाई प्रभावकारी बनाउनका लागि स्कूल नर्स कार्यक्रम लागू गरिनेछ।

५.३. मातृमृत्यु दर, नवजात शिशु मृत्युदर र बालमृत्युदर जस्ता महत्वपूर्ण सुचकाङ्कहरुमा आधारित लक्षहरु तय गरि आवधिक कार्ययोजनाहरु तयार गरि लागू गरिनेछ।

५.४. सामुदायीक स्वास्थ्य इकाइ तथा आधारभूत स्वास्थ्य केन्द्रहरुबाट प्रवाह हुने सेवालाई बृद्धि गरी सरसफाई प्रबर्द्धन, स्वस्थ व्यवहार प्रबर्द्धन, तथा स्वास्थ्य प्रदर्शनीको रुपमा विस्तार गरिनेछ।

५.५ बर्थिङ सेन्टरहरुलाई रणनैतिक स्थानमा संचालनका लागि मानव श्रोत तथा भौतिक साधन सम्पन्न गराइनेछ। प्रसुती केन्द्रहरूमा आमाघर तथा स्तर अनुसार नवजात कर्नर ( Stablization center, Specialized Newborn Care Unit, / Newborn Intensive Care Unit) को सुविधा उपलब्ध गराइनेछ।

५.६ नवजात शिशु तथा बाल रोगको एकिकृत व्यवस्थापनलाई सुदृढ गर्दै प्रभावकारी कार्यान्वयन गरिनेछ।

५.७ दुल्लू नगरपालिकाको आपतकालिन स्वास्थ्य पूर्व तयारी योजनामा मातृ, नवजात शिशु र बालबालिकाको स्वास्थ्य सेवाको निरन्तरतालाई प्राथमिक अवयबको रुपमा लिइनेछ।

५.८ स्वास्थ्यकर्मीहरुको क्षमता विकाश योजना निर्माण गरी कार्यान्वयन गरिनेछ।

**नीति ६.** दुल्लू **नगरपालिका भित्र स्वास्थ्यको लागि जनशक्तिको व्यवस्थापनलाई प्रभावकारी रुपमा अघि बढाइनेछ।**

६.१. विश्व स्वास्थ्य संगठनको मापदण्ड अनुसार हुने गरी दुल्लू नगरपालिका स्तरीय आवधिक स्वास्थ्य जनशक्ति गुरुयोजना निर्माण गरि लागू गरिनेछ।

६.२. बिशेषज्ञ तथा मध्यम स्तरका स्वास्थ्य जनशक्ती व्यवस्थापनका लागि संघिय, प्रदेश सरकार एवं शिक्षालयसंग समन्वय र सहकार्य गरिने छ।

६.३ जवाफदेहिपूर्ण एवं प्रभावकारी स्वास्थ्य सेवा प्रवाह गर्न मिश्रित दक्ष जनशक्तिको आवश्यकता पहिचान, उत्पादन, परिचालन गर्न तथा दुल्लू नगरपालिकाको विशिष्ट अवस्थामा कार्यरत चिकित्सक एवं स्वास्थ्यकर्मीलाई टिकाउनका लागि प्रोत्साहित गरिनेछ।

६.४ नगरपालिकाभित्र कार्यरत स्वास्थ्यकर्मीको समुचित व्यवस्थापनको लागि बृत्ति बिकास प्रणालीद्वारा व्यवस्थित गरिनेछ।



दुल्लू नगरपालिका

६.५ स्वास्थ्यकर्मीको सेवाको निरन्तरताको लागि सेवा करार, पुल दरबन्दि जस्ता उपायहरुको अवलम्बन गरिनेछ ।

**नीति ८. गुणस्तरीय, सर्वसुलभ औषधि उपकरणमा सर्वसाधरणको सहज पहुँच बनाउने तथा स्वास्थ्य क्षेत्रमा आधुनिक प्रविधिको उपयोगलाई प्रोत्साहित गरिनेछ ।**

८.१. सबै स्वास्थ्य संस्थाहरुमा गुणस्तरीय औषधी वितरण हुने व्यवस्था मिलाइनेछ। औषधिको गुणस्तर र मूल्य नियन्त्रण गर्नका लागि मुल्य तोक्नुका साथै नियमित अनुगमन नियमन गरिनेछ ।

८.२. स्वास्थ्य संस्थालाई आवश्यक पर्ने औषधि उपकरणको सुची तयार गरि औषधि उपकरण खरिद गर्दा नगरपालिका तथा स्वास्थ्य संस्था वा वडाले खरिद गर्न औषधिको छुट्टा छुट्टै सुची तयार गरि व्यवहारमा ल्याइनेछ ।

८.३. दुर्गम क्षेत्रमा सुलभ औषधी पसल बिस्तार गर्न प्रोत्साहन गरिनेछ र स्वास्थ्य संस्थाहरुमा अस्पताल फार्मेसी थप व्यवस्थित गरिने छ ।

८.४. प्रतिकारात्मक संभार, बिक्रि उपरान्त संभार आदी सिद्धान्तलाई व्यवहारिक रुपमा लागु गरिनेछ । उपकरणहरुको मर्मत तथा सम्भारका लागि प्रादेशिक निकायसँग समन्वय गरिनेछ ।

**नीति ९. स्वास्थ्य सूचना प्रणाली र सुक्ष्म अनुसन्धानलाई गुणस्तरीय बनाई अनुसन्धानबाट प्राप्त परिणामलाई** दुल्लू **नगरपालिकाको योजना, नीति, रणनीति बिकास गर्न प्रभावकारी उपयोग गरिनेछ ।**

९.१ आवधिक रुपमा आयोजना गरि दुल्लू नगरपालिका भित्र स्वास्थ्य सम्बन्धि सूचना व्यवस्थित गर्ने स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मी वा अनुसन्धानकर्तालाई प्रोत्साहित एवं प्रवर्धन गर्न उत्कृष्ट अनुसन्धानकर्ता एवं संस्थालाई पुरस्कृत गरिनेछ ।

९.२ नगरपालिकामा स्वास्थ्य सूचना प्रणाली तथा अनुसन्धानबाट आएका निष्कर्ष तथा राष्ट्रिय प्रतिबद्धतालाई योजनामा समावेश गरी कार्यान्वयन गरिनेछ ।

९.३ नगरपालिकाको एकीकृत स्वास्थ्य सुचना प्रणालीमा सूचनाको शुद्धता, समयबद्धता र पूर्णतामा निगरानी गरि गुणस्तरीय बनाइनेछ ।

९.४ नगरपालिकाका स्वास्थ्य शाखा तथा स्वास्थ्य संस्थाहरुमा Internet को पहुँच बिस्तार गर्दै स्वास्थ्यकर्मीको सिप अभिवृद्धि गरी स्वास्थ्य संस्थाहरुबाट नै Online reporting लाई बिस्तार तथा नियमित गरिनेछ ।

**नीति १०. दुल्लू नगरपालिकाबासीको स्वास्थ्य बीमा सुनिश्चित गरि लक्षित बर्ग जस्तै अति बिपन्न, ज्येष्ठ नागरिक, भिन्न क्षमता (अपाङ्गता) भएका नागरिक, किशोर किशोरी, सिमान्तकृत, बिभेदमा परेका, घाईतेको स्वास्थ्य सेवा सर्वसुलभ र सहज पहुँच हुने व्यवस्था गरिने छ ।**

१०.१. नगरपालिका भित्रका स्वास्थ्य संस्थाहरुबाट प्रवाह गरिने स्वास्थ्य सेवाहरु बालमैत्री, अपांगमैत्री, ज्येष्ठ नागरिकमैत्री, किशोरकिशोरी मैत्री हुनेछन् । समुदायस्तरमा जेष्ठ नागरिक नमूना दिवा सेवा केन्द्र स्थापना एवं विस्तार गरिने छ ।

१०.२. छाउपडी, कम उमेरमा बिवाह गर्ने र कम उमेर मै गर्भवती हुने कारणले महिलाको स्वास्थ्यमा असर गर्ने हुनाले सचेतना अभिबृद्धि गर्ने तथा महिनावारी भएको बेला छात्राहरुको विद्यालय उपस्थितिमा निरन्तरता दिन dignity kit उपलब्ध गराइनेछ ।

१०.३. अपांगहरुको लागी आवश्यकता अनुसारको सहयोगी उपचार व्यवस्था, सहयोगी सामाग्री व्यवस्था गरिनेछ साथै स्वास्थ्य संस्था तथा स्वास्थ्य सेवा अपांगमैत्री हुनेछन् । प्यालियटिभ सेवाको पनि क्रमशः शुरुवात गरिनेछ ।

१०.४. प्रेषण प्रणाली प्रभावकारी गरिने छ र सहजीकरण गरिने छ । दुर्गम क्षेत्रबाट उपचारका लागि अन्यत्र प्रेषण भएका विरामीहरुको सहजिकरण गरिने छ ।

१०.५ लैंगिक हिंसामा परेका, वेवारिसे जेष्ठ नागरिक, अलपत्र अवस्थाका बालबालिका, मानसिक समस्या भइ सडकमै रहेका असहाय व्यक्तिहरूलाइ अल्पकालीन स्वास्थ्य व्यवस्थापन एवं हेरचाहको लागि निजी सरकारी सहकार्यमा दुल्लू नगरपालिका पुर्नस्थापना केन्द्र स्थापना एवं संचालन गरिने छ । साथै एकद्वार संकट व्यवस्थापन केन्द्रको सुद्धिढीकरण एवं विस्तार गरिने छ ।

१०.६ रिफरल अस्पतालहरुमा सामाजिक सेवा इकाई स्थापना गरी प्रभावकारी व्यवस्थापन गरिनेछ ।

१०.७ विपन्न नागरिकलाई निःशुल्क एम्बुलेन्स सेवा प्रदान गरिनेछ ।

१०.८ दुल्लु अस्पतालमा रक्त संञ्चार सेवाको विस्तार गरिनेछ ।

१०.९ पिछडिएको वर्ग, क्षेत्र र समुदायका लागि स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गर्न आवश्यकता अनुरुप स्वास्थ्य सेवा केन्द्रहरुको स्थापना, स्वास्थ्य शिविरको सञ्चालन तथा आधुनिक सूचना तथा प्रविधिको प्रयोग गरी स्वास्थ्य सेवा उपलब्ध हुने व्यवस्था मिलाईनेछ ।

१०.१० महिला, दलित, जनजाति जस्ता लक्षित समुदायमा स्वास्थ्य सम्बन्धी चेतना अभिवृद्धि गर्दै सेवाको उपयोग बृद्धि गर्न तत् समुदायका स्वास्थ्यकर्मीहरुलाई प्राथमिकता दिई सोही समुदायमा परिचालन गर्ने योजना बनाई लागु गरिनेछ ।

१०.११ लैङ्गिक हिंसाको रोकथाम तथा त्यस्तो हिंसाबाट पीडित व्यक्तिहरुलाई आवश्यक पर्ने स्वास्थ्य सेवाको लागि उचित प्रवन्ध गरिनेछ ।

१०.१२ पछाडि परेका वा पारिएका महिला (त्यसभित्र अन्तरनिहित अन्तरविविधता) सिमान्तकृत समुदाय, भौगोलिक अवस्थिति, विविध लैङ्गिक पहिचान भएका व्यक्तिहरु, आर्थिक रूपले विपन्न वर्गको स्वास्थ्य अधिकार सुनिश्चित गर्ने सवाललाई सम्वोधन गर्न नीति, कार्ययोजना, बजेट, अनुगमन तथा मूल्याङ्कन प्रणाली निर्माण गर्दा अविभेद, समानता र समावेशिताको सिद्धान्तलाई सुनिश्चित गरी समतामूलक स्वास्थ्य सेवा सुनिश्चित गरिनेछ ।

दुल्लू नगरपालिका २०७३

**नीति ११. सरकारी तथा निजी क्षेत्रबाट संचालित स्वास्थ्य सेवामा गुणस्तरीयता सुनिश्चित गर्न प्रभावकारी समन्वय, सहकार्य, अनुगमन तथा नियमन गर्ने व्यवस्था मिलाइनेछ।**

११.१. निजी उपचार प्रदान गर्ने संस्था (एलोपेथिक, आयुर्वेदिक, प्राकृतिक तथा अन्य बैंकल्पिक सेवा) निदानात्मक सेवा, प्रयोगशाला सेवा, थेरापी सेवा प्रदायक संस्थाहरुको लागी मापदण्ड, निर्देशिका बनाई सोही अनुसार दता गर्ने, संचालन अनुमति दिने तथा तथा नियमन् गर्ने व्यवस्था मिलाईने छ।

११.२. एक जना जनस्वास्थ्य निरिक्षकको व्यवस्था गरी वातावरणीय सरसफाइ, सुर्ति जन्य तथा मदिरा नियन्त्रण, खाद्य स्वच्छता, औषधी समुचित प्रयोग, समुचित उपचारको नियमन गर्ने र कार्बाही गर्ने व्यवस्था गरिने छ।

११.३. नगरपालिकाभरिमा सम्पुर्ण स्वास्थ्य संस्थाहरुको नियमन, नियमित अनुगमन, मूल्यांकन गर्न एक निर्देशिका बनाइ सोही अनुसार लागू गरिनेछ।

११.४. नगरपालिका प्राज्ञिक, पेशागत तथा व्यवसायिक संघ संस्थाहरु संचालन सम्वन्धी बनेका दुल्लू नगरपालिका, प्रादेशिक तथा राष्ट्रिय नियम र मापदण्ड अनुसार दर्ता, नवीकरण, संचालन, अनुगमन र नियमन गरिनेछ।

११.५. सबै तहका स्वास्थ्य संस्थाहरुको न्युनतम सेवा मापदण्ड तयार गरी लागु गरिनेछ।

११.६ उत्कृष्ट सेवा प्रदान गर्ने संस्थालाई प्रोत्साहित गर्ने नीति अवलम्बन गरिनेछ।

**नीति १२. सरुवा रोग, संक्रामक रोगहरुको रोकथाम, नियन्त्रण र निवारण तथा आकस्मिक र आपत्कालिन अवस्था र महामारी नियन्त्रण जस्ता कार्यका लागि स्थानीय तहसँगको समन्वयमा स्वास्थ्य सेवा प्रभावबारी रुपमा परिचालन गरिने छ।**

१२.१. तोकिए बमोजिमका आकस्मिक स्वास्थ्य सेवा सबै तहका स्वास्थ्य संस्थाहरुबाट नियमित प्रवाह हुने व्यवस्था मिलाइनेछ। दुल्लू नगरपालिकाका तोकिएका स्वास्थ्य संस्था तथा बर्थिङ सेन्टरहरुबाट २४ सै घण्टा आकस्मिक सेवा प्रवाह हुनेछ।

१२.२ नगरपालिका भित्र सरकारी, निजी, सामुदायीक रुपमा संचालन हुने एम्बुलेन्स एवं शव बाहन् सेवालाई निदेशिका एवं मापदण्ड तयार गरी व्यवस्थित तरिकाले संचालन गर्ने व्यवस्था मिलाईने छ। यसको उपलब्धता बढाउनुका साथै शुल्कमा नियमन गरिने छ।

१२.३. नगरपालिकामा आपतकालीन स्वास्थ्य पूर्वतयारी योजना बनाईनेछ र नगरपालिका भित्रका रणनितिक स्थानहरूमा आकस्मिक स्वास्थ्य अवस्थामा आवश्यक पर्ने औषधी, उपकरण तथा अन्य सामाग्रीको जगेडा ( Buffer Stock) को रूपमा राखिनेछ।

१२.४. प्राकृतिक प्रकोप, महामारी र दुर्घटना जस्ता आकस्मिक स्वास्थ्य सेवालाई तत्काल व्यवस्थापन् गर्न नगरपालिका स्तरीय समिति गठन् गरिने छ। दुल्लू नगरपालिका स्तरीय आकस्मिक स्वास्थ्य

परिचालन केन्द्र (HEOC) र Early Warning Reporting System (EWARS) प्रभावकारी बनाईनेछ ।

१२.५. दुर्गम क्षेत्रबाट आकस्मिक स्वास्थ्य अवस्था परि संकटमा रहेका (सुत्केरी बेथा, चोटपटक) को अवस्थामा हवाई माध्यमबाट उद्धार गर्न प्रदेश सरकार सँग समन्वय गरिनेछ ।

१२.६ संक्रामक रोगहरुको रोकथाम, नियन्त्रण र निवारण गर्न हाल संचालित क्षयरोग, कुष्ठरोग, एड्स, किटजन्यरोग सम्बन्धी कार्यक्रम कार्यान्वनयनको स्थानीय निकायको समन्वयमा अनुगमन गरी सोको प्रभावकारी रुपमा संचालन गरिने छ र आवश्यकता अनुसार परिमार्जित गरिने छ ।

१२.७ स्थानीय आपत्कालिन कार्य सञ्चालन केन्द्रलाई थप प्रभावकारी बनाईनेछ ।

१२.८ संघीय तथा प्रादेशिक स्वास्थ्य संस्था जन्य फोहोरको ब्यवस्थापन तथा बिसर्जन सम्वन्धि मापदण्डलाई नगरपालिका स्तरमा प्रभावकारी रुपमा लागू गरिनेछ ।

**नीति १३.** **जनस्वास्थ्य क्षेत्रमा** दुल्लू **नगरपालिका लगानी अभिबृद्धि गर्दै संघीय सरकार कर्णाली प्रदेश सरकार तथा निजी लगायत अन्य लगानीलाई ब्यवस्थित गरी स्वास्थ्य सेवामा जनताले व्यक्तिगत खर्च गर्नुपर्ने अवस्थालाई न्यूनीकरण गरिनेछ ।**

१३.२ औषधीको समूचित व्यवस्थापन र वितरणकालागि नगरपालिका स्तरीय औषधी भण्डारणको (Medical Store) व्यवस्था गरिनेछ ।

१३.३. राष्ट्रिय स्वास्थ्य बिमा कार्यक्रमलाई नगरपालिकाको सम्पुर्ण क्षेत्रमा प्रबर्धन एवं विस्तार गरिने छ ।

१३.४. नगरपालिकाको कुल बजेटको कम्तिमा १० प्रतिशत बजेट स्वास्थ्य क्षेत्रका लागि सुनिश्चित गर्ने साथै सो बजेट क्रमश बृद्धि गरिनेछ ।

१३.५. अति गरिव, असहाय, द्वन्द पीडित, राउटे तथा अन्य लोपोन्मुख जातीलाई नगरपालिकाले परिचयपत्र प्रदान गरी सम्पूर्ण स्वास्थ्य सेवा नि:शुल्क गरिने छ । उल्लेखित लक्षित समुदायलाई विशेष स्वास्थ्य कार्यक्रम गरी पहुँच बृद्धि गरिनेछ । साथै त्यस्ता समुदायलाई स्वास्थ्य बीमामा समावेश गर्न नगरपालिकाको सहुलियतमा स्थानीय तहसँग समन्वय गरी कार्यान्वयन गरिनेछ ।

१३.६. नगरपालिका भित्र गैर सरकारी तथा निजि क्षेत्र बीचको सहकार्य तथा साझेदारीलाई प्रवर्द्धन तथा नियमन गरिनेछ ।

१३.७ दिर्धकालिन मानसिक समस्या भएका रोगीहरुको स्वास्थ्य विमा गरी औषधि उपचारको प्रबन्ध मिलाईनेछ ।

**निति १४.** **जनस्वास्थ्यको संरक्षण र प्रवर्द्धन गर्नका लागि प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक तथा प्रेषण सेवाको बिकास तथा बिस्तार गरिने छ ।**



दुल्लू नगरपालिका
२०७३

१४.१. नगरपालिका भित्र समुदाय, स्वास्थ्य संस्था तथा सबै विद्यालयहरुमा स्वच्छ खानेपानीको व्यवस्था गरिने छ ।

१४.२. समुदायमा बितरण गरिएको खानेपानी तथा व्यवसायिक रुपमा उपलब्ध खानेपानीको निरन्तर गुणस्तर परीक्षण र निगरानी गरिने छ।

१४.३. वडा समितिहरु संग समन्वय र सहकार्य गरी घर, समुदाय, बजार तथा स्वास्थ्य संस्थाको फोहोरको उचित व्यवस्थापन र पैरवी गरिने छ ।

१४.४. वडा समितिहरु संग समन्वय र सहकार्य गरी दुर्गम बस्तीहरुमा स्वास प्रस्वास रोगको कारक मानिएको घरभित्र हुने धुँवा (Indoor pollution) नियन्त्रण गर्न सफा चुलो अभियान संचालन गरिने छ ।

१४.५. वडा समितिहरुसंग समन्वय र सहकार्य गरी खुला दिशामुक्त नगरपालिकाबाट पूर्णसफाई सुनिस्चित भएको नगरपालिका बनाईनेछ र सो को दिगोपनाको रणनीती तयार गरि कार्यान्वयन गरिनेछ ।

१४.६. नगरपालिका भित्र खानेपानी, हावा, ध्वनीको गुणस्तरको मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन गरिनेछ ।

१४.७ जलवायु परिवर्तन, मौसम परिवर्तन, काम र कार्यस्थलका कारणले स्वास्थ्यमा पर्ने हानीबाट वचाउन सरकारी तथा निजी सबै क्षेत्रहरुसंग समन्वय गरी स्वास्थ्य सचेतना सम्वन्धी कार्यक्रम संचालन गरिनेछ ।

१४.८ दुल्लु नगरपालिकामा भएको पानी प्रयोगशालालाई थप स्तरोन्नती गर्दै शुद्ध पानीको वितरणमा जोड दिईनेछ ।

**निति १५. स्वास्थ्यकर्मीको सुरक्षा, समुदायको स्वास्थ्य क्षेत्रमा सहभागीता र स्वास्थ्य क्षेत्रमा सुशासन सुनिश्चित गरिने छ ।**

१५.१ स्वास्थ्य सेवा प्रदायक व्यक्ति र संस्थाहरुको सुरक्षाको लागि प्रचलित कानुनी व्यवस्थालाई नगरपालिकामा प्रभावकारी रुपमा लागू गरिनेछ ।

१५.२. स्वास्थ्य सेवामा, स्वास्थ्य पूर्वाधार निर्माणमा हुने ढिलासुस्ती तथा गुणस्तरहिन कार्यलाई निरुत्साहित गरिने छ । स्वास्थ्य कर्मिलाई आफ्नो काम, कर्तव्य प्रति जवाफदेही बनाईनेछ ।

१५.३. स्वास्थ्य सुशासन कायम गर्नको लागी Social Audit, नागरिक बडापत्र र बिज्ञहरु सहितका जिम्मेवार समितिहरुको ब्यवस्था गरिनेछ छ । स्वास्थ्य सम्बन्धी गुनासो सुनुवाईको लागी पनि आवश्यक संयन्त्रको प्रयोग गरिनेछ ।

१५.४. स्वास्थ्य संग सम्बन्धित राष्ट्रिय र अन्तराष्ट्रिय गैर सरकारी संघ संस्था तथा दातृ निकायहरुलाई जनतामुखी र परिणाममूखी कार्य गर्नको लागि उत्पेरित गरिनेछ ।

१५.५ नगरपालिकाका समुदायको विशिष्ट संस्कृती संस्कारलाई आत्मसात गर्दै स्वास्थ्य सेवालाई सेवाग्राही मैत्री बनाई स्वास्थ्यको हकको सुनिश्चितता गरिनेछ ।



दुल्लु नगरपालिका

१५.६. दुल्लू नगरपालिका भित्रका नागरिकलाई स्वास्थ्य सम्वन्धि सूचनाको हक तथा सेवाग्राहीले उपचार सम्वन्धि जानकारी पाउने हक सुरक्षित गर्न सूचना तथा संचार कार्यलाई प्रभावकारी कार्यान्वयन गरिनेछ ।

१५.७ स्वास्थ्यमा भएको लगानी, अनुसन्धान तथा नविन प्रयोगहरुको अभिलेखन गरी सुचना तथा अभिलेख केन्द्र मार्फत डिजिटाईजेशनमा विशेष जोड दिईनेछ ।

**नीति १६.** दुल्लू **नगरपालिकाबासीको पोषण अवस्था सुधार गर्न गुणस्तरीय, स्वस्थ्यबर्द्धक र स्थानीय स्तरमा उत्पादन हुने (रैथाने) पोषिला खाद्य पदार्थ उत्पादन, प्रयोग र पहुँचलाई बृद्धि गरिनेछ ।**

१६.१ खाद्य विविधीकरणमा जोड दिदै सरोकारवाला निकायहरुसंग समन्वय र सहकार्य गरी पोषण व्यवहार परिवर्तन गर्ने तथा बजारिया खाना (Junk Food) लाई निरुत्साहित गर्ने सम्वन्धी कार्यक्रमहरु नियमित रुपमा संचालन गरिनेछ ।

१६.२ अर्गानीक तथा पोषणयुक्त खाद्यवस्तुको उत्पादन वृद्धि गर्न, हरित गृह तथा प्रत्येक परिवारमा सुधारीएको करेशाबारी निर्माण गर्न र खानामा विविधीकरण गरि उपभोग गर्न प्रोत्साहित गरिनेछ ।

१६.३ पोषणयुक्त बाल पौष्टिक आहार, दिवा खाजा लगायतका अन्य खाद्य पर्दाथ उत्पादनका लागि प्रोत्साहन गरिनेछ र सोको गुणस्तर कायम गर्ने प्रावधान बनाईनेछ ।

१६.४. वडा समितिहरुसंग समन्वय र सहकार्य गरी स्थानीय स्तरमा उपलब्ध पौष्टिक तत्वयुक्त खाद्य पर्दाथ उपयोग गर्नका लागि उत्प्रेरित गरिनेछ । यस्ता खाद्य पदार्थ प्रसोधन तथा बजारीकरणका लागी साना किसान/व्यवसायी अनुदान कार्यक्रम संचालन गरिनेछ ।

१६.५ बहु क्षेत्रीय पोषण कार्यक्रम, एकिकृत शिघ्र कुपोषण व्यवस्थापन कार्यक्रम लगायत पोषणसँग सम्बन्धी कार्यक्रम विस्तार, परिष्कृत एवं प्रभावकारी बनाइनेछ । स्वास्थ्य संस्थाहरुसँगको सहकार्यमा पोषण पुर्नस्थापना केन्द्रहरू स्थापना गरिनेछ ।

१६.६ वडा समितिहरुसंग समन्वय र सहकार्य गरी स्थानीय बजारमा खाद्य पदार्थमा मिसावट र अखाद्य पदार्थ नियन्त्रण गरिने छ । स्वस्थ मासु तथा दुध उत्पादन बिक्रि बितरणको लागी नियमन गरिने छ । कुनैपनि तैयारी खानेकुराहरुमा अनिबार्य लेवलिङको व्यवस्था गरिने छ ।

१६.७ दुईबर्ष मूनिका बालबालिकाको नियमित बृद्धि अनुगमन गरिनेछ । गर्भवति र २ बर्षमूनिका वच्चाका आमाहरुको पोषणको स्थिति सुधार गरिनेछ ।

१६.८ उत्पादन ग्राम मार्फत स्थानीय रोजगारी श्रृजना गर्ने र किसान एग्रोमार्ट मार्फत सर्वसुलभ बजारीकरणको व्यवस्था गरिनेछ ।

**नीति. १७. जनसंख्या व्यवस्थापनलाई दुल्लु नगरपालिका बिकासको मुल खम्बाको रुपमा संस्थागत गर्ने ।**

१७.१ नगरपालिका भित्र जन्म, मृत्यु, बसाइ सराई जस्ता व्यक्तिगत घटना दर्ता कार्यलाई व्यवस्थित गरिनेछ। अनलाईनमा आधारित घटना दर्तालाई निरन्तरता दिईनेछ।

१७.२ जनसंख्या सम्बन्धित सूचनालाई बिकास आयोजना तर्जुमा गर्दा र कार्यक्रम बिकास गर्दा प्रमुख रुपमा उपयोग गरिनेछ।

१७.३. हरेक बालबालिको अनिवार्य जन्मदर्ता तोकिएको समयमै गर्ने गराउने व्यवस्था गरि ५ बर्ष सम्म ट्र्याकिंग गरिने छ।

१७.४. समुदायस्तरमा हरेक नवजात शिशु एवं मातृमृत्युको कारण पहिचान गर्न मृत्युपश्चात गरिने भर्बल अटोप्सि विधिलाई पद्धतीबद्ध गरिनेछ।

१७.५. मौसमी बसाई सराई, श्रम बसाई सराई समयको लागि आधारभूत स्वास्थ्य सेवा घुम्ती स्वास्थ्य क्लिनिकहरु मार्फत प्रदान गरिने छ।

१७.६. वडा समितिहरुसँग समन्वय गरि दुर्गममा छरिएका र जोखिममा रहेको बस्ती पहिचान गर्ने, एकिकृत बस्ती विकासको लागि अध्ययन एवं पैरबी गर्नुका साथै वस्ती विकास योजना तर्जुमा गरी संघीय सरकार र प्रदेश सरकारसंगको समन्वय र सहयोगमा वस्ती विकास कार्यक्रम कार्यान्वयन गर्न जोड दिइनेछ।

१७.७. स्वस्थ्य, सुखी परिवार बनाउन वडा समिति तथा स्वास्थ्य संस्थाहरुसंग समन्वय र सहकार्यमा व्यवस्थित परिवार एवं परिवार नियोजन सम्बन्धि कार्यक्रम संचालन गरिनेछ र सुरक्षित मातृत्व आकस्मिक कोषको स्थापना गरिनेछ।

१७.८ बहुक्षेत्रिय पोषणको माध्यमले बालबालिकाको शारीरिक र मानसिक अवस्थामा सुधार गरिनेछ।

१७.९ स्वास्थ्य उपलब्धि हासिल गर्न संघीय सरकार र प्रदेश सरकारसँग समन्वय गर्नुका साथै बहुपक्षीय, दुईपक्षीय, तथा राष्ट्रिय, अन्तराष्ट्रिय, बहुक्षेत्रीय सहकार्यद्धारा विकास साझेदारहरुको सहयोगलाई प्रभावकारी ढंगबाट परिचालन गरिनेछ साथै सम्पुर्ण स्वास्थ्य कार्यक्रमहरुको अनुगमन, मुल्याङ्कन तथा सुपरिवेक्षण निर्देशिका तयार गरिनेछ।

## ८. संस्थागत संरचना

८.१. नीति कार्यान्वयनका लागि दुल्लू नगरपालिकाको नेतृत्वमा स्वास्थ्य संस्थाहरु रहनेछन। त्यस्तै नीतिमा उल्लेख भएको स्वास्थ्य अन्तरगत सेवा प्रवाहका लागि नगरपालिका स्तरमा रहेको अस्पतालको विशेषज्ञ स्वास्थ्य सेवाको लागी स्तरोन्नती गरिनेछ।

८.२ मानव संशाधन विकासका लागि प्रदेश सरकार, प्रदेश लोक सेवा, स्वास्थ्य प्रतिष्ठान वा मेडिकल कलेज र अन्य स्वास्थ्य जनशक्ति उत्पादन गर्ने निकायहरु, क्षमता अभिवृद्धिका लागि समन्वय गरिनेछ। स्वास्थ्य संस्थाहरुमा ल्याव सेवा, आँखा उपचार सेवा र प्रत्येक वडामा एउटा आधारभूत स्वास्थ्य केन्द्र तथा आवश्यकता अनुसार सामुदायीक स्वास्थ्य इकाई स्थापनाको लागि प्रदेश तथा संघीय सरकारसँग समन्वय एवं सहजीकरण गरिने छ।

८.३ शिक्षण अस्पताल तथा विशेषज्ञ सेवा प्रदान गर्ने अस्पतालको स्थापना र संचालनको लागी संघ र प्रदेश सरकारसंगको समन्वयमा कार्य अगाडी बढाईनेछ।

## ९. आर्थिक पक्ष

यस नीतिको कार्यान्वयन मूलतः दुल्लू नगरपालिका सामाजिक विकास समितिको नियमित बजेटबाट गरिनेछ । यस नीतिमा रहेका उद्धेश्यहरु हासिल गर्न नगरपालिकाका सबै शाखाहरुको कार्यक्रम तथा बजेटमा तालमेल मिलाई सबै नीतिमा स्वास्थ्यको अवधारणालाई अगाडी ल्याइनेछ । नेपाल सरकार र कर्णाली प्रदेश सरकारको नियमित वार्षिक कार्यक्रम मार्फत यस नीतिले अवलम्बन गरेका रणनीति तथा कार्यनीतिहरु सम्बोधन गराउन पहल गरिनेछ। बजेट र स्रोत र साधनको परिचालन गर्दा लैङ्गिक उत्तरदायी बजेट निर्माण तथा विनियोजन गरिनेछ। यसका साथै यो नीति कार्यान्वयन गर्न राष्ट्रिय तथा अर्न्तराष्ट्रिय विकास साभ्रेदारहरु, संयुक्त राष्ट्र संघीय निकायहरु र निजी क्षेत्रसँग समेत समन्वय, सहकार्य र साभ्रेदारी गरी आवश्यक श्रोत व्यवस्थापन गर्न पहल गरिनेछ । आन्तरिक आय वृद्धि गरी स्वास्थ्यमा लगानी वृद्धि गर्दै जाने नीति अवलम्बन गरिनेछ ।

## १०. अनुगमन र मूल्यांकन

यस नीति कार्यान्वयनको क्रममा अनुगमन गर्ने र अपेक्षित नतिजा र प्रतिफल प्राप्तीको मल्यांकन गर्ने दायित्व सामाजिक विकास समितिको हुनेछ । यसको लागि उक्त समितिको संयन्त्र र क्षमता विकास गरिनेछ । वडा समितिहरु एवम अन्य सरोकारवाला निकायसँगको समन्वय र सहकार्यमा अनुगमन, मुल्यांकन र सुपरिवेक्षण निर्देशिका तयार गरि सहभागितामुलक अनुगमन प्रक्रिया अवलम्बन गरिनेछ । प्रत्येक तीन वर्षमा यस नीतिको समीक्षा गरी आवश्यकता अनुसार परिमार्जन गर्दै लगिनेछ । अनुगमन तथा मूल्याङ्कन प्रणाली निर्माण गर्दा अविभेद, समानता र समावेशिताको शिद्दान्तलाई सुनिश्चित गर्ने गरी नीति बन्यो कि बनेन, बनेको अवस्थामा पनि त्यसभित्र अर्न्तनिहित सुधार गर्नुपर्ने के हो, त्यसको क्रियान्वयनको अवस्था, कार्ययोजनाले समतामूलक र समावेशीको सिद्धान्त अनु सार निर्माण भएको छ कि छैन, महिला लगायत सिमान्तकृत वर्गको स्वास्थ्य अवस्थामा पहुँचको अव स्थालगायत विषयमा लैङ्गिक उत्तरदायि अनुगमन र मूल्याङ्कनको व्यवस्था सुनिश्चित गरिनेछ। हरेक बर्ष नगरसभामा स्वास्थ्यको बस्तुस्थिति सार्वजनिक गरी प्रतिवेदन प्रकाशन गर्नुपर्नेछ ।

## ११. नीति कार्यान्वयनको कार्ययोजना

स्वास्थ्य सँग सम्बन्धित आवश्यक ऐन कानून, नियमावली तथा अन्तराष्ट्रिय स्तरमा नेपालले गरेका प्रतिवद्धताको अधीनमा रही यस नीति कार्यान्वयनका लागि तत्कालीन, मध्यकालीन र दिर्घकालीन कार्ययोजना बनाउने छ । यही कार्ययेजना अनुसार बार्षिक योजना तथा कार्यक्रम र बजेट निर्माण कार्यान्वयन गरिनेछ। वार्षिक रुपमा कार्ययोजना कार्यान्वयनको समीक्षा गरी पुनरावलोकन गरिनेछ ।

## १२. जोखिम

राज्यको पुन:संरचनाको प्रारम्भिक चरण, बढ्दो जनआकाङ्क्षा, नगरपालिका संस्थागत बिकासको चरणमा रहेको, सिमित साधन र स्रोत, नगरपालिकाको प्राथमिकतामा स्वास्थ्य क्षेत्र समग्र बिकासको मुद्दाका रुपमा स्थापित गराउनु पर्ने बिद्यमान अवस्थामा यस नीति तथा रणनीतिले अपेक्षा गरेका नतिजाहरु प्राप्तिमा



दुल्लू नगरपालिका

केही जोखिम हुन सक्छन् । यद्यपी उल्लेखित जोखिमको बावजुद नगरपालिकावासीलाई सर्वसुलभ, गुणस्तरीय स्वास्थ्य सेवाको सुनिश्चितता गरी स्वस्थ नागरिक तयार गर्न दुल्लु नगरपालिकाको स्वास्थ्य तथा सरसफाइ नीति २०७८ को प्रभावकारी कार्यान्वयन गर्ने गरी जोखिमको न्यूनीकरण गरिनेछ ।

दुल्लु नगरपालिका
२०७३